30 July 2024

National News

<u>मुख्य समाचार:-</u>

- केरलको वायनाडमा भीषण पैह्रो, 93 जनाको मृत्यु, 128 जना घाइते, राहत तथा उद्धार कार्य जारी
- सरकारले वित्तीय घाटा घटाउने प्रयास गरिरहेको वित्तमन्त्रीको भनाई
- देशको जीडीपी आठ प्रतिशतको दरले बढिरहेको प्रधानमन्त्री श्री नरेन्द्र मोदीले बताउनु भयो।
- पेरिस ओलम्पिकमा भारतले जित्यो दुई कास्य, मनु भाकर एउटै ओलम्पिकमा दुई पदक जित्ने स्वतन्त्र भारतकी पहिलो खेलाडी
- ओलम्पिक पदक तालिकामा चीन 6 स्वर्णसहित शीर्षमा

<u>केरला-वायनाड- पैह्रो</u>

केरलमा अविरल वर्षाले वायनाड जिल्लाको **मुन्डक्काई, अट्टामाला र चुरमला** क्षेत्रमा व्यापक विनाश गरेको छ। आज एका बिहानै आएको पहिरोमा परी अहिलेसम्ममा 93 जनाको मृत्यु भएको छ । मृत्यु हुनेको संख्या अझै बढ्न सक्ने अनुमान गरिएको छ। पहिरोमा परी घाइते भएका 128 जनालाई विभिन्न अस्पतालमा उपचारका लागि भर्ना गरिएको छ ।

अहिलेसम्ममा 93 जनाको शव निकालि सकिएको छ । राष्ट्रिय आपदा मोचन बल, राज्य सरकारका संयन्त्र र स्थानीयहरूले पैहिरोमा फसेका मनिसहरूको उद्धारका लागि निरन्तर प्रयास गरिरहेका छन्। सेना तथा नौसेनाको राहत र बचाउ दलले 150 जनालाई सकुशल निकालेको समाचार छ।

केरल सरकारले आजदेखि दुई दिनको शोकको घोषणा गरेको छ । सबै सार्वजनिक कार्यक्रम र समारोह स्थगित गरिएका छन्। यस अवधिमा राष्ट्रिय झण्डा आधा झुकाइनेछ।

मौसम विभागले राज्यका आठ जिल्लामा भारी वर्षाको सम्भावना रहेको बताउँदै रेड अलर्ट जारी गरेको छ । सरकारी स्रोतले सयभन्दा धेरै मानिस बेपत्ता भएको बताएको छ ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले वायनाड पहिरोमा परी ज्यान गुमाउनेका परिवारलाई प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट दुई दुई लाख रुपियाँ र घाइते हुनेहरूलाई 50-50 हजार रुपियाँ दिने घोषणा गर्नुभएको छ।

प्रधानमन्त्रीले केरलका मुख्यमन्त्री श्री पिनाराई विजयनसँग कुराकानी गर्दै केन्द्रबाट जतिसक्दो सहयोग गर्ने आश्वासन दिनुभयो । उहाँले घटनामा ज्यान गुमाउनेहरुका परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले पनि दुर्घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ । राष्ट्रपतिले घाइतेहरुको शिघ्र स्वास्थ्य लाभ र उद्धार कार्यको सफलताको कामना गर्नुभएको छ ।

लोकसभामा विपक्षी नेता श्री राहुल गान्धीले वायनाड पहिरोमा फसेंकाहरूको उद्धारका लागि सबै सम्भवजति सहयोग उपलब्ध गराउन केन्द्र सरकारलाई आग्रह गर्नुभएको छ।

## बजेट –वित्त मन्त्री

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले भन्नुभएको छ, सरकारले वित्तीय घाटा घटाउने प्रयास गरिरहेको छ र यसलाई 2025-26 सम्ममा 4 दशमलव 5 प्रतिशतमा ल्याइनेछ। लोकसभामा 2024-25 को केन्द्रीय बजेट र 2024-25 का लागि जम्मू कश्मीर केन्द्र शासित प्रदेशको बजेटमाथि भएको छलफलको जवाफ दिँदै, श्रीमती सीतारमणले भन्नुभयो, भारत कोविड पछि सबैभन्दा छिटो अघि बढिरहेको अर्थव्यवस्था हो। २०४७ सम्ममा विकसित भारत निर्माण गर्न सबैलाई मिलेर काम गर्न उहाँले आग्रह गर्नुभयो।

उहाँले केन्द्रीय बजेटले धेरै उद्देश्यहरू बीच सन्तुलन ल्याउने प्रयास गरेको बताउँदै भन्नुभयो, बजेटमा सरकारले वृद्धि, रोजगारी, कल्याणकारी खर्च, पुँजी लगानी र वित्तीय सुदृढीकरण जस्ता कारकलाई सन्तुलनमा राख्ने प्रयास गरेको छ।

यसभन्दा अघि, संसदका दुवै सदनमा आम बजेट 2024-25 माथि आज पुनः चर्चा शुरुभयो।

लोकसभामा भएको चर्चामा भाजपाका श्री देवेन्द्र सिंह, समाजवादी पार्टीका श्री अखिलेश यादव, सीपीआई (एम) का श्री अमरा राम, एलजेपी (रामविलास) का श्री राजेश वर्मा, कंग्रेसका श्री सप्तगिरी शंकर उलाका तथा अन्य नेताले सहभागिता जनाउनु भयो।

राज्यसभामा राष्ट्रवादी कंग्रेस पार्टीका श्री प्रफुल्ल पटेल, भाजपाका श्री भुवनेश्वर कलिता,
केन्द्रीय मन्त्री एवम् भाजपा अध्यक्ष श्री जे पी नड्डा तथा अन्य नेताले चर्चामा भाग लिनुभयो।

## प्रधानमन्त्री बजेट सम्मेलन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशको सकल घरेलु उत्पाद जीडीपी आठ प्रतिशतको दरले बढिरहेको र विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बन्ने दिन अब टाढा नरहेको बताउनु भएको छ। आज नयाँ दिल्लीमा "विकसित भारततर्फको यात्रा" सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै श्री मोदीले महामारीसँग लड्दा पनि भारत नयाँ उचाइमा पुग्न सकेको बताउनुभयो। उहाँले सरकारले सबै क्षेत्रमा ध्यान दिएको बताउनु भयो ।

प्रधानमन्त्रीले सरकारले जुन गतिमा पूर्वाधार निर्माण गरिरहेको छ त्यो अभूतपूर्व छ भन्नुभयो। उहाँले पूँजीगत खर्चलाई स्रोत लगानीको सबैभन्दा ठूलो उत्पादक माध्यम मानिएको बताउनु भयो । उहाँले भन्नुभयो, बजेटको आकार अहिले तीन गुणा बढेर ४८ लाख करोड रुपियाँ पुगेको छ। श्री मोदीले सरकारले मन्त्रालयको बाँडफाँडमा कीर्तिमानी वृद्धि गरेको बताउनु भयो। श्री मोदीले भारत उच्च वृद्धि र न्यून मुद्रास्फीति भएको एक मात्र देश भएको बताउनु भयो। सरकारले सहज जीवनयापन, कौशल विकास र रोजगारीमा विशेष ध्यान दिएको प्रधानमन्त्रीले बताउनुभयो । श्री मोदीले भन्नुभयो, आज भारतको नीति, समर्पण, संकल्प र निर्णयले सारा विश्वलाई लगानी गर्न आकर्षित गरिरहेको छ। उहाँले भारत विकास र स्थिरताको प्रतीक भएको छ भन्नुभयो ।

## झारखण्ड-रेल दुर्घटना

झारखण्डमा हावडा-मुम्बई रेल दुर्घटनापछि राहत तथा उद्धार कार्य पूरा भएको छ। चक्रधरपुर रेलवे डिभिजन अन्तर्गत **बडाबाम्बो** र **खरसावा** रेलवे स्टेशन बीच आज बिहान हावडा-मुम्बई मेलको 18 वटा बोगी पटरीबाट खस्दा दुई जना यात्रीको मृत्यु भएको छ भने 24 जना घाइते भएका छन्। घाइतेहरुलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ । अलपत्र परेका यात्रीहरूलाई विशेष रेलबाट गन्तव्यतर्फ पठाइएको छ।

## भियतनाम प्रधानमन्त्री

भियतनामका प्रधानमन्त्री श्री फाम मिन चिन भारतको तीनदिने राजकीय भ्रमणमा आज राति नयाँ दिल्ली आइपुग्नु हुनेछ। उहाँसँग विभिन्न मन्त्री, उपमन्त्री र व्यापारी नेतासहितको उच्चस्तरीय प्रतिनिधिमण्डल भारत आइरहेछ। उहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदीसँग द्विपक्षीय छलफल गर्नका साथै राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र उपराष्ट्रपति श्री जगदीप धनखडसँग पनि भेट गर्ने कार्यक्रम छ।

## ओलम्पिक भारत

पेरिस ओलम्पिकमा आज भएको १० मिटर एयर पिस्टल मिक्स टिम इभेन्टमा भारतीय शूटर **मनु भाकर** र **सरबजोत सिंह**ले भारतका लागि दोस्रो कास्य पदक जितेका छन् । मनु भाकर एउटै ओलम्पिकमा दुई पदक जित्ने स्वतन्त्र भारतकी पहिलो खेलाडी बनेकी छन् ।

मनु र सरबजोतको जोडीले दक्षिण कोरियाका **ओ ये जिन र ली वोन्हो**लाई पराजित गर्दै कास्य पदक जितेका हुन्। यसअघि आइतबार १० मिटर पिस्तोल सुटिङमा मनु भाकरले कास्य पदक जितेर भारतको खाता खोलेकी थिइन् । स्मरणरहोस्, सन् १९०० को पेरिस ओलम्पिकमा कलकत्तामा जन्मेका नर्मन प्रिचार्डले दुईवटा रजत पदक जितेका थिए।

## ओलम्पिक पदक तालिका

पेरिस ओलम्पिकमा चीन 6 स्वर्णपदक जितेर पदक तालिकामा शीर्षमा रहेको छ। चीनले 6 स्वर्ण, 5 रजत र 2 कास्य गरी कुल 13 पदक जितिसकेको छ।

दोस्रो स्थानमा रहेको जापानले 6 स्वर्ण, 2 रजत र 4 कास्य गरी कुल 12 पदक जितिसकेको छ।

तेस्रो स्थानमा रहेको आयोजक फ्रान्सले 5 स्वर्ण, 8 रजत र 3 कास्य गरी कुल 16 पदक जितिसकेको छ।

चौथो स्थानमा रहेको अस्ट्रेलियाले 5 स्वर्ण र 4 रजत गरी कुल 9 पदक अनि पाँचौ स्थानमा रहेको कोरियाले 5 स्वर्ण, 3 रजत र 2 कास्य गरी कुल 10 पदक जितिसकेका छन्।

पदक तालिकामा 28 औं स्थानमा रहेको भारतले अहिलेसम्ममा 2 काँस्य पदक जितेको छ। भारतले दुवै पदक सुटिङमा जितेको हो।